**बैँठक संख्या: १८ (अठारौं)**

**मिति २०८३ जेठ ११ गते सोमबार गते शुक्रवार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल बैशाख २४ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो।

**निर्णय नं.२ राजीनामा स्विकृत सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका अन्तर्गत माईपोखरी स्वास्थ्य चौकी, सन्दकपुर-१ मा सि.अ.हे.व पदमा कार्यरत श्री जय कुमार यादवले मिति २०८३ साल जेठ ४ गते दिएको राजिनामा स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३ सार्वजनिक सुनुवाई सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८३ साल जेठ २९ गते आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ फोहोरमैला व्यवस्थापन एवम वृक्षारोपण सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाको निम्न स्थानहरुमा सरसफाई गरि वृहत वृक्षारोपण कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

**निम्नः**
१.तिनकुने देखि माईपोखरी
२.देउराली बजार देखि ठाडेखोला
३.लामाडाँडा देखि लालबास पोखरी
४.चाँपगैरी देखि सुर्के
५.जोरपोखरी क्षेत्र
६.धापपोखरी देखि रिङ्गरोड सम्म

**निर्णय नं. ५ कार्यविधि निर्माण सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा विधेयक समिति तथा सरोकारवालाहरुसँग छलफल गरि प्राप्त सुझाव र आवश्यक संसोधन सहित शिक्षा सम्बन्धि कार्यविधि,२०८३ लाई स्विकृत गरि राजपत्रमा प्रकाशन गर्ने र पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ लाई सुझावका लागि वडा तथा पालिकाको वेवसाईटमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.६ खरिद सम्बन्धि तालिम सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको वार्षिक स्वीकृत नीति,कार्यक्रम तथा वजेट अनुसार सम्पूर्ण कर्मचारीहरुको क्षमता विकास सम्वन्धि तालिम मिति २०८३/०२/१८ र १९ गते सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.७ सामी  कार्यक्रम सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकामा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाइ उद्यमशीलता तालिम(सामी) कार्यक्रम सञ्चालन गर्न सम्वन्धित शाखालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८ इजाजत सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकामा कम्युनिटी विल्डर्स एण्ड सप्लायर्सले मिति मा दिइएको 'घ' वर्गको निर्माण कम्पनी स्थानान्तरण इजाजत सम्वन्धि माग निवेदन वमोजिम उक्त कम्पनी लाइ नियामानुसार इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९ चाम्लिङ् डाँडा काक्रे जोरपोखरी सडक मर्मत सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका वडा नं.१ पर्ने भित्री सडक चाम्लिङ डाँडा काक्रे जोरपोखरी सडक मर्मतका लागि प्राविधिकलाई नाँपजाच गर्न लगाइ काम अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।